अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर

सम्पर्क: ९८५७६८३८१० (प्र.प्र.अ)
Email: ito.annamun@gmail.com
Web: annapurnamunmyagdi.gov.np

गण्डकी प्रदेश, नेपाल

प.स.: ०८०।०८१
च.न.:- ११६

मिति २०८०।०४।२९

## कृषक समूह दर्ता तथा नवीकरण सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस अन्नपूर्ण गाउँपालिकाको कृषि विकास शाखामा २०७९ असार मसान्त भन्दा अगाडि दर्ता भएका कृषक समूहहरुको नवीकरण तथा नयाँ दर्ता हुन चाहने कृषक समूहरुलाई अन्नपूर्ण गाउँपालिकाको कृषि समूह गठन/पूनर्गठन तथा व्यवस्थापन कार्यविधि २०७७ अनुसार कृषक समूह सञ्चालन तथा व्यवस्थापन गनुपर्ने भएकाले कृषक समूह नवीकरण तथा नयाँ दर्ताको लागि तपसिलमा उल्लिखित कागजात सहित कृषि विकास शाखामा नवीकरण तथा नयाँ दर्ता गर्नुहुन सम्बन्धित सबैमा यसै प्रकाशित सूचना अनुसार जानकारी गराईन्छ ।

**आवश्यक कागजातहरु**

- कृषक समूहको निवेदन ।
- नवीकरणको हकमा सक्कल प्रमाण पत्र ।
- नयाँ दर्ताको हकमा नेपाली नागरिताको प्रतिलिपि ।
- समूहको निर्णय र माईन्यूटको फोटोकपि (नयाँ दर्ता र नवीकरण दुवैमा )
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
- बचत रकम परिचालित भएको भए खाता, हिसाब कागजातहरु ।

### कृषक समूह दर्ता गर्ने निर्णय प्रकृया

**१. पहिलो महिनाको पहिलो बैठक (भेला) ।**

- प्रस्ताव नं.१ :समूहको नामकरण सम्बन्धमा ।
- प्रस्ताव नं.२ :समूहको पदाधिकारी चयन सम्बन्धमा ।
- प्रस्ताव नं.३ :समूहको मासिक बैठक सम्बन्धमा ।
- प्रस्ताव नं.४ :समूहको हितकोष सम्बन्धमा ।
- प्रस्ताव नं.५ :समूहको बिधान लेखन सम्बन्धमा ।
- प्रस्ताव नं.६ :समूहको उद्देश्य (समूह सँग सम्बन्धित निर्णय गर्ने )

**२. दोस्रो महिनाको दोस्रो बैठक ।**

- प्रस्ताव नं.१ : विधान पारित सम्बन्धमा
- प्रस्ताव नं.२ : समूह दर्ता सम्बन्धमा ।
- प्रस्ताव नं.३ : उद्देश्य (समूह सँग सम्बन्धित निर्णय गर्ने )

नोट : कृषक समूह दर्ता गर्नको लागि न्यूनतम ११ जना सदस्य हुनुपर्ने छ ।

अन्य थप जानकारीको लागि अन्नपूर्ण गाउँपालिकाको कृषि विकास शाखामा सम्पर्क राख्न सकिनेछ ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत